## वराहपोखरी गाउँपालिका, खोटाङको गाउँसभाको
## १७ औँ अधिवेशनमा
## गाउँपालिका उपाध्यक्ष श्री भुवलराज राई ज्यूद्वारा प्रस्तुत
### आर्थिक वर्ष २०८२।०८३ को

# वार्षिक बजेट तथा कार्यक्रम

## वराहपोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बाघखोरभन्ज्याङ, खोटाङ
कोशी प्रदेश, नेपाल

वि.सं. २०८२ साल आसार १० गते मंगलबार

**वराहपोखरी गाउँपालिका, खोटाङको**

**आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम**

**कृषि", पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधारः सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार"**

**गाउँसभाका अध्यक्ष ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**गाउँसभाका सदस्यज्युहरु**

१. नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" राष्ट्रिय लक्ष्य र कोशी प्रदेश सरकारको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को अभिष्ट पूरा गर्ने ध्ययका साथै यस बराहपोखरी गाउँपालिकाको "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधारः सभ्य, समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" दूरदृष्टि सहितको हाम्रो गन्तव्य मूख्य लक्ष्य रहेको छ । यिनै लक्ष्यलाई आत्मसाथ गर्दै आगामी आ.व. २०८२।०८३ को बजेट तर्जमा गरिएको छ । बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, राष्ट्रिय योजना आयोगले निर्माण गरेको योजना तर्जुमा दिग्दर्शन तथा वराहपोखरी गाउँपालिकाको मध्यकालिन खर्च संरचना(२०८१।०८२ देखि २०८३।०८४), दिगो विकासका लक्ष्यका आधारहरु, विषयगत शाखाबाट आएका सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**गाउँसभाका अध्यक्ष ज्यु**
**गाउँसभाका सदस्यज्युहरु**

२. यस वराहपोखरी गाउँपालिकाको चालु आ.व. २०८१।०८२ मा हालसम्म भएको आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहान्छु ।

३. यस गाउँपालिकाको चालु आ.व. २०८१।०८२ मा कूल ३४ करोड ९१ लाख ८४ हजार ३ सय ७५ रुपैया २१ पैसा आम्दानी गरेकोमा हालसम्म चालूतर्फ रु २१ करोड २६ लाख ७५ हजार २ सय ५९ रुपैया ७९ पैसा र पूँजीगततर्फ रु ७ करोड ३४ लाख १ सय २९रुपैया ५६ पैसा खर्च भएको देखिन्छ ।

४. नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँड रकम रु. ५ करोड ४७ लाख ६८ हजार ४ सय ४३ रुपैया ७० पैसा र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाड रकम रु २५ लाख ८ हजार ३ सय ८८ रुपैया २६ पैसा प्राप्त भएको देखिन्छ ।

५. नेपाल सरकार र प्रदेश सरकारको राजश्व बाँडफाँडको कुल अनुमानित रकम रु. ८ करोड १८ लाख ९३ हजार रुपैयाबाट हालसम्म रु. १ करोड ७६ लाख १० हजार १ सय ५६ रुपैया ९० पैसा घटि प्राप्त भएको देखिन्छ ।

६. संघीय सरकार समानिकरण अनुमानित रकम रु ७ करोड ७० लाखबाट हालसम्म रु ६३ लाख ४४ हजार ८ सय रुपैया घटी आएको देखिन्छ ।

७. प्रदेश सरकार समानिकरण अनुमानित रकम रु ४४ लाख ५४ हजारबाट हालसम्म सत प्रतिशत प्राप्त भएको देखिन्छ ।

८. हालसम्म यस वराहपोखरी गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १९ लाख ५९ हजार ६ सय ५७ रुपैया संकलन भएको छ ।

**गाउँसभाका अध्यक्ष ज्यु**
**गाउँसभाका सदस्यज्युहरु**

९. अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) वराहपोखरी गाउँपालिकाको आर्थिक विकासका नविनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रबर्धन गर्दै सगम्र आर्थिक विकास र समृद्धि हासिल गर्ने

ख) सर्वसुलभ तथा गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने,

ग) राज्यको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउदै सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ,

घ) सर्वसुलभ तथा गुणस्तरिय शिक्षा उपलब्ध गराउने,

ङ) आर्थिक, सामाजिक, पुर्वाधारको विकास गरी गाउँपालिकाको समृदीको आधार तयार गर्ने ,

च) आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तिव्रता दिदै सार्वजानिक निजि र गैरसरकारी क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी गरिबी निवारण गर्ने ।

१०. प्रस्तुत बजेटका उद्देश्यहरु हाँसिल गर्ने देहायबमोजिमका प्राथमिकता निर्धारण गरेको छु ।

क) कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्ने कृषि क्षेत्रमा युवाहरुको परिचालन गरिने छ ।

ख) निर्माणाधिन तथा अधुरा योजनाहरुको निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाईने छ ।

ग) लघुउद्यम प्रबर्धन तथा विकासका माध्यमबाट नयाँ रोजगार सिर्जना गरिनेछ ।

घ) संघ तथा प्रदेश सरकारसँग रणनितिक साझेदारी गरिने छ ।

ङ) सहयोग समन्वय र सहकार्य मार्फत सन्तुलित विकास गरिने छ ।

च) सुशासन र सेवा प्रवाहमा सुधार गर्ने सबै संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।

**गाउँसभाका अध्यक्ष ज्यू**

**गाउँसभाका सदस्यज्युहरु**

११. अब म आगामी आर्थिक वर्ष २०८२।०८३ को यस वराहपोखरी गाउँपालिकाको बजेटमा रहेका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र बजेट प्रस्तुत गर्दछु ।

**कृषि, पशुपंन्छी तथा सिंचाई**

क) अदुवा बेसार किवी मौरी अलैंची लगायतका पकेट क्षेत्र घोषणा गरि कार्यान्वयन गरिनेछ ।

ख) आगामी आर्थिक वर्षमा भुईकटहर केरा लिची खेति कार्यलाई विस्तार गरिनेछ ।

ग) किसानहरुको जीवनस्तर सुधार गर्न ५०% अनुदानमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

घ) प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत सुन्तला पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

ङ) कृषकको क्षमता अभिवृद्धिको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

च) कृषि उत्पादनलाई वृद्धि गर्नका लागि आवश्यक सिँचाई कुलोहरु निर्माण तथा मर्मत गरिनेछ ।

छ) लघु सिंचाई आयोजनाहरु सञ्चालनका लागि रु ६० लाख बजेट विनियोजन गरेको छु।

ज) कृषियोग्य जमिनको क्षति न्यूनिकरणका लागि तटबन्ध निर्माणका लागि बजेट व्यवस्थापन गरेको छु।

झ) कृषक र गाउँपालिकाको लागत साझेदारीमा आवश्यक कार्यक्रम संचालनको लागि रकम विनियोजन गरेको छु ।

ञ) कृषि, पशुपंछी तथा सिंचाईका लागि रु १ करोड ९१ लाख ६७ हजार रुपैया बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य सेवा**

क) पालिकाबासीहरुलाई योग ध्यानका माध्यमबाट स्वस्थ बनाउन नागरिक आरोग्य केन्द्र सञ्चालन गरिनेछ ।

ख) स्वास्थ्यकर्मीहरुलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकासका लागि आवश्यक पर्ने विभिन्न तालिमहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ग) "म स्वस्थ मेरो समुदाय स्वस्थ घरटोलमा स्वास्थ्य प्रबर्धन कार्यक्रम" सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

घ) गाउँपालिका क्षेत्रबाट उपचारको क्रममा पालिका बाहिर उपचारको लागि जान परेमा न्युनतम मुल्यमा एम्बुलेन्स सेवा उपलब्ध गराईएकोमा सो सेवालाई थप विस्तार गरि निरन्तरता दिईनेछ ।

ङ) सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई मासिक रुपमा प्रदान गरिदै आएको यातायात खर्चमा रु ५ सयले वृद्धि गरेको छु ।

च) गाउँपालिका भित्रका वर्थिङ सेन्टरहरुमा गर्भवती महिला डेलिभरी हुन नसकी बाहिर रेफर गर्नुपर्ने अवस्था सिर्जना भएमा गर्भवती महिलाहरुलाई गाउँपालिकाको नाकासम्म एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराईनेछ ।

छ) गाउँपालिका क्षेत्रभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिनेछ । आगामी आ व मा स्वास्थ्य चौकी सुन्तले, स्वास्थ्य चौकी पौवासेरा र स्वास्थ्य चौकी मौवाबोटेको स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

ज) सुनौला हजार दिन कार्यक्रममा प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

झ) नागरिकको स्वास्थ्य सेवा सुनिश्चित गर्न रु ६ करोड ५३ लाख १९ हजार विनियोजन गरेको छु ।

**गुणस्तरिय शिक्षा**

क) शिक्षा क्षेत्रमा पालिकाबाट व्यवस्था गरिएका शिक्षक, काकर्मचारी .स., परिचालिकाहरुलाई निरन्तरता दिईनेछ । गाउँपालिकाबाट नियक्त गरिएको सबै शिक्षक कर्मचारीहरुलाई पोशाक भत्ताको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ख) विद्यालय शिक्षक कर्मचारीहरुको पेशागत दक्षता विकास सम्बन्धी विभिन्न तालिम सञ्चालन गरिनेछ ।

ग) यस गाउँपालिका क्षेत्रभित्र बसोबास गरी MBBS, Engineering तथा CA जस्ता विषयहरुमा उत्कृष्ट नजिता प्राप्त गर्ने विद्यार्थीहरुलाई प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

घ) समग्रमा गुणस्तरिय शिक्षाको लागि रु १२ करोड ८० लाख विनियोजन गरेको छु ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक समावेशीकरण**

क) महिलाहरुको जीविकोपार्जन तथा आय आर्जनमा सुधार गर्न महिला उद्यमशीलता कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ख) "सुरक्षित महिनावरी: मेरो जिम्मेवारी" भन्ने नाराका साथ महिलाहरुका लागि स्थानीयस्तरमै स्यानीटरी प्याड निर्माण सम्बन्धी तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ग) बालबालिकाको हितमा कृयाशिल संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी बाल श्रमिक, अनाथ बालबालिकाहरुको उद्दार, राहत तथा पुन:स्थापनाको कार्यहरु गरिनेछ ।

घ) महिलाहरुलाई विकासको मूल प्रवाहमा ल्याउन महिला सशक्तिकरणको कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ङ) कोशी प्रदेश, करुणा फाउण्डेशन र वराहपोखरी गाउँपालिकाको साझेदारीमा अपाङ्गताहरुको हकहित संरक्षण तथा प्रबर्धनको लागि समुदायमा आधारित पुन:स्थापना कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

च) हिंसापिडित तथा असाहाय महिला बालबालिका अपाङग भएका व्यक्ति तथा जेष्ठ नागरिकको उद्धार संरक्षण एवम् पुन: स्थापनाको लागि आवश्यक बजेटको व्यावस्था मिलाएको छु ।

छ) समाजमा हुने सबै किसाममा लैङ्गिक हिंसा निवारणका लागि लैगिङ हिंसा निवारण कोषको स्थापना गरिनेछ ।

ज) यसका लागि रु ५३ लाख ४० हजार विनियोजन गरेको छु ।

**श्रम रोजगार तथा सामाजिक सुरक्षा**

क) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (REMI) तथा सुरक्षित आप्रवाशन (SaMi) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ख) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजनाहरुलाई बढि भन्दा बढि रोजगारमुखी आयोजना सञ्चालन गरिनुका साथै श्रम बैंकको व्यवस्थापन मिलाइनेछ ।

ग) राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित रोजगार आयोजनाहरुको सञ्चालनका लागि संघीय सरकारसँग साझेदारी गरिनेछ ।

घ) युवाहरुलाई आत्मनिर्भर बनाउन हाउस वाइरिङ तथा प्लम्बिङ तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ङ) गरिवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।

च) श्रम रोजगार तथा सामाजिक सुरक्षा को लागि रु ६३ लाख ६२ हजार विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

क) राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई व्यवस्थित तरिकाले सञ्चालनका लागि रु ७ लाख विनियोजन गरेको छु।

ख) गाउँपालिका भित्र खेलकुदको विकास गर्नको विभिन्न खेलकुद प्रतियोगिताको आयोजना सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ग) गाउँपालिकास्तरीय खेलकुद मैदानको स्तरोन्नती कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

घ) युवा तथा खेलकुदको लागि रु ४० लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

**सडक तथा भौतिक पुर्वाधार विकास**

क) गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको धाप्लाङ-धर्तुङ-सिन्ताङ-वराहपोखरी सडक खण्ड अन्तर्गत बतासे-किम्बुखोला-वराहपोखरी सडक योजनाका लागि रु १ करोड ७५ लाख विनियोजन गरेको छु ।

ख) यस गाउँपालिका क्षेत्रभित्र विस्तार गरिएको सडकहरुलाई व्यवस्थित गरि निजी जग्गालाई सार्वजनिक बनाउने र मालपोत करबाट जनतालाई छुट गराउन Local Transportation Master Plan निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ग) गाउँपालिकाको केन्द्रबाट सम्पूर्ण वडा कार्यालयको केन्द्र जाने बाटो स्तरोन्नती गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

घ) सडक तथा भौतिक पूर्वाधार विकासको लागि जम्मा रु ५ करोड ४८ लाख विनियोजन गरेको छु ।

**वन तथा वातावरण**

क) गाउँपालिका क्षेत्रभित्र रहेको वनलाई दिगो वन व्यवस्थापनको माध्यमबाट रोजगारी सृजना गरिनेछ ।

ख) सामुदायिक वन विकास कार्यक्रमकबाट स्थानिय आपुर्ति र रोजगारीमा टेवा पुग्ने क्रियाकलाप संघिय सरकार प्रदेश सरकार तथा विभिन्न संघ सस्थाको साझेदारीमा संचालन गरिनेछ ।

ग) जलवायु परिवर्तनलाई न्यूनिकरण गर्नका लागि गाउँपालिका क्षेत्रभित्र वृक्षरोपण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

घ) वन वातावरणसँग सम्बन्धित कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**गरिबी निवारण तथा रोजगार**

क) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (REMI) तथा सुरक्षित आप्रवाशन (SaMi) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ख) राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित रोजगार आयोजनाहरुको सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ग) युवाहरुलाई आत्मनिर्भर बनाउन हाउस वाइरिङ तथा प्लम्बिङ तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

घ) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

ङ) गरिवी निवारणका लागि रु. ६३ लाख ६२ विनियोजन गरेको छु ।

**सुशासन व्यवस्था**

क) कानुन कार्यान्वयन मार्फत गाउँपालिकाको काम कारबाहिमा सुशासन कायम गर्ने कार्यलाई विषेश कार्यक्रम संचालन गरिने छ ।

ख) गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास र कार्यसम्पादनमा सुधार ल्याउन प्रदेश प्रशिक्षण प्रतिस्ठान तथा स्थानिय विकास प्रतिस्ठानसँग साझेदारी गरिनेछ ।

ग) गाउँपालिकाले संकलन गर्ने राजश्व व्यवस्थित बनाउन RMIS, ठेक्का प्रणालीलाई E-Bidding प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, कर्मचारीको तथ्याङक व्यवस्थित बनाउन PIS प्रविधि, योजना तथ्याङ्क व्यवस्थापनका लागि Planning MIS तथा कृषि सूचना प्रणालीबाट अभिलेख राखिनेछ ।

**गाउँसभाका अध्यक्ष ज्यू**

**गाउँसभाका सदस्यज्युहरु**

१२. अब म माथिका नीति तथा कार्यक्रम कार्यान्वयका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

क) आगामी आर्थिक वर्षका निति तथा कार्यक्रमहरु कार्यक्रमहरु कार्यान्वयन गर्न रु ३८ करोड ४० लाख ५६ हजार ७ सय ६० विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि अनुमान गरिएको स्रोत खर्च व्यहोर्ने स्रोतमध्ये राजश्व बाडफाँड संघीय सरकार तर्फ रु ७ करोड ३७ लाख अन्ठानब्बे हजार १ सय ३३ र प्रदेश सरकार तर्फ ५० लाख १९ हजार गरी कुल ७ करोड ८८ लाख १७ हजार १ सय ३३, समानिकरण अनुदानमध्येबाट संघीय सरकार तर्फ रु ७ करोड ९५ लाख र प्रदेश सरकार तर्फ रु ६७ लाख ६१ हजार गरी कुल ८ करोड ६२ लाख ६१ हजार, समपुरक अनुदान संघीय सरकारबाट रु १ करोड ४० लाख र प्रदेश सरकारबाट रु १ करोड ६० लाख गरि जम्मा रु ३ करोड, संघीय सरकारबाट सशर्त अनुदान तर्फ रु १५ करोड ८५ लाख र प्रदेश सरकार ससर्त अनुदान तर्फ रु २१ लाख ४७ हजार र आन्तरिक राजश्वबाट रु २५ लाख, स्थानीय राजश्व बाँडफाँड रु १ लाख तथा बैक मौज्दातबाट रु१ करोड ८८ लाख ३१ हजार ६ सय २७ खर्च व्यहोरिनेछ ।

ख) बजेट कार्यान्वयलाई जिम्मेवार र जवाफदेही बनाउन आगामी आर्थिक वर्षबाट अनिवार्य रुपमा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतबिचमा तथा प्रमुख प्रशासककिय अधिकृत र शाखा प्रमुख एवम् सबै वडा सचिवबिचमा कार्यसम्पादन सम्झौता गरिनेछ । कर्मचारीको कार्य सम्पादनको मुल्याङकन कार्यसम्झौताको आधारमा गरिनेछ ।

**१३. अन्त्यमा,**

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने माननिय अध्यक्ष ज्यु, सम्पुर्ण वडाअध्यक्ष ज्युहरु ,कार्यपालिकाका सबै सदस्य ज्युहरु, गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरुप्रति आभार प्रकट गर्दछु । बजेट तयारीमा संलग्न सबै कर्मचारीहरुलाई धन्यबाद दिन चाहान्छु । साथै बजेट कार्यान्वयमा समेत सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गर्दछु । धन्यवाद !!!

**भुवलराज राई**
**गाउँपालिका उपाध्यक्ष**
**असार १०, २०८२**